# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, ललितपुर, HariharBhawan, Lalitpur, Nepal


## प्रेस नोट

२०७० वैशाख १६

विराटनगर

## मानव अधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग र न्यायाधीश समाज, नेपालद्वारा संयुक्त रुपमा आयोजित **मानवअधिकार संरक्षणमा रिट क्षेत्राधिकारको प्रभावकारी प्रयोग सम्बन्धी** २ दिने **कार्यशाला गोष्ठी** आज सम्पन्न भएको छ।

कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले "मानव अधिकार संरक्षणमा न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोगको भूमिका", सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश तथा न्यायाधीश समाज, नेपालका अध्यक्ष रामकुमार प्रसाद साहले "मानव अधिकार उल्लंघनका रिटहरूमा अन्तरिम आदेश" र "मानव अधिकार उल्लंघनको रोकथामको लागि निषेधाज्ञाको प्रयोग", सर्वोच्च अदालतका न्यायाधीश सुशिला कार्कीले "व्यक्तिगत स्वतन्त्रताको संरक्षणको प्रभावकारी उपायको रुपमा बन्दी प्रत्यक्षीकरण"को बारेमा कार्यपत्र तथा धारणाहरु प्रस्तुत गरिएको थियो।

यस्तै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य रामनगिना सिंहले "मानव अधिकार संरक्षणमा पुनरावेदन तथा जिल्ला अदालतहरुको रिट क्षेत्राधिकार" को बारेमा र पुनरावेदन अदालत हेटौडाका न्यायाधीश डा. आनन्दमोहन भट्टराईले "आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयन र रिट क्षेत्राधिकार" का बारेमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो।

मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि न्यायपालिका र मानव अधिकार आयोगले निरन्तर सहकार्य गर्नुपर्ने र मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै निकाय तथा नागरिक समाज समेतले हातेमालो गर्दै अघि बढ्नु पर्नेमा सहभागीहरूमा एकमत रह्यो। यस्तै बन्दी प्रत्यक्षीकरण तथा निषेधाज्ञालगायतका रिट अधिकार क्षेत्रको प्रभावकारी प्रयोगबाट नागरिकहरूको वैयक्तिक स्वतन्त्रता तथा मानव अधिकार संरक्षणमा अत्यन्त महत्वपूर्ण योगदान रहने विषयमा कार्यशालामा जोड दिइयो।

पूर्वाञ्चल क्षेत्र अन्तर्गतका पुनरावेदन तथा जिल्ला अदालतहरुका ४६ जना न्यायाधीशहरूको सहभागिता रहेको दुई दिवसीय उक्त कार्यशाला वैशाख १५ गतेदेखि विराटनगरमा शुरु भएको हो।

(वेदप्रसाद भट्टराई)

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, ललितपुर, HariharBhawan, Lalitpur, Nepal